प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : ३०९ ॥ २०८२ पुष २६ गते शनिबार (10th Jan 2026 Saturday) Pratidin National Daily मूल्य-रु.५/-


# बम आतंकका 'आतंककारी' खरेल चौथो पटक पक्राउ

झापा, पुष २५ । सार्वजनिक स्थानहरुमा पटक पटक बम बिष्फोट गराएर आतंक फैलाउँदै आएका संजय भनिने खगेन्द्र खरेल चौथो पटक पक्राउ परेका छन् । ६ दिनअघि झापाको कन्काई ४ स्थित कन्काई पुल छेउमा प्रेसर कुकर बम राखेर आतंक सिर्जना गर्ने दमक नगरपालिका वडा नं. १ घर भई हाल कन्काई नगरपालिका वडा नं. ८ सिर्जना टोल बस्ने ४६ वर्षीय संजय भनिने खगेन्द्र खरेललाई बिहीवार प्रहरीले पक्राउ गरेको हो । सनातन सुरक्षा सेना, नेपालका संयोजक संजय भन्ने खरेललाई कन्काई नगरपालिकाको लक्ष्मीपुरमा रहेको साथीको घरमा लुकिछिपि बसिरहेको अवस्थामा बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले बताए । उनले खरेललाई मुलुकी अपराध संहिता २०७४ अन्तर्गत राज्यबिरुद्ध कसूर र बिष्फोटक पदार्थसम्बन्धी कसूरअन्तर्गत इलाका प्रहरी कार्यालय बिर्तामोडबाट जिल्ला अदालतमा उपस्थित गराई पहिलो पटक अनुसन्धानको लागि ५ दिन म्याद थप गरिएको जानकारी दिए । पुष १९ गते बिहान कन्काई नगरपालिका वडा नं. ४ स्थित पूर्वपश्चिम लोकमार्गअन्तर्गत कन्काई पुलको पूर्वतर्फको सडकको डिभाइडरमाथि कालो झोलाभित्र उनले प्रेसर कुकर बम राखेका थिए । जसबाट शान्ति सुरक्षामा खलल पारी स्थानीयबासीमा डरत्रास उत्पन्न भएको थियो । सडक छेउमा बम राखेपछि सडकमा



आवतजावतसमेत अवरुद्ध भएको थियो । सो बमलाई अरिदमन गण चारआलीबाट आएको टोलीले निष्क्रिय पारेको थियो । २०७६ सालमा गोर्खा जन्मुक्ति पार्टी, २०७८ सालमा हिमाल सुरक्षा परिषद, २०८२ सालमा सनातन सुरक्षा सेना, नेपाल पार्टीजस्ता संगठनको नाममा आतंक सिर्जना गरी उनले अबैध गतिविधि गरि शान्ति सुरक्षामा खलल पुर्‍याउने काम गर्दै आएको डीएसपी खड्काले बताए । उनी झुम्का कारागारबाट फरार कैदी हुन् । जेनजी आन्दोलनका बेला भदौ २४ गते उनी कारागारबाट फरार भएका थिए । यसअघि पनि खरेलले कन्काई पुलमा बम राखेर आतंक फैलाएका थिए । उनले २०७६ बैशाख ३० गते कन्काई नदीको पुलको रोड डिभाइडरमा कालो प्लाष्टिकमा बिष्फोटक पदार्थ राखेका थिए । त्यसको ९ महिनापछि २०७६ माघ ९ गते बिर्तामोड नगरपालिकाको पश्चिम स्टेण्डमा शंकास्पद वस्तु (होक्स) राखी शान्ति सुरक्षामा खलल पुर्‍याएका थिए । त्यस्तै २०७८ माघ १३ गते दमक नगरपालिका ५ स्थित शिवान चर्चमा शंकास्पद वस्तु (होक्स) राखेर अशान्ति मच्चाएका थिए । खरेलले झापामा मात्र नभएर पूर्वका अन्य स्थानहरुमा त्यस किसिमको आतंककारी गतिविधि गरेका थिए । २०७८ चैत १४ गते सुनसरीको इटहरी उपमहानगरपालिका वडा नं.२ स्थित एक घरमा बम बिष्फोट गराएका थिए । इटहरी-२ नवजागृति टोलमा कोठामा बम विस्फोट हुँदा रबिन थापा र शेरजंग गुरुङ घाइते भएका थिए । त्यसबेला बिष्फोटक पदार्थसम्बन्धी कसूरमा पक्राउ परी उनले सजाय पाएका थिए ।

त्यस बखत उनी हिमाल सुरक्षा परिषद नेपालको अध्यक्ष भई सशस्त्र गतिविधिमा संलग्न रहेका थिए । त्यस्तै २०८१ फागुन १३ गते इटहरी उपमहानगरपालिकाअन्तर्गत भोटेपुल र उपमहानगरपालिका अगाडि पान दोकान छेउमा कालो ब्यागभित्र कुकुर बम राखेर उनी फरार भएका थिए । खोजतलासका क्रममा प्रहरीले उनीसहित दुईजनालाई पक्राउ गरेको थियो । बिष्फोटक पदार्थसम्बन्धी कसूरमा उनी झुम्का कारागार चलान भएका थिए ।

# निर्वाचन आचारसंहिता माघ ३ गतेदेखि लागू हुने

झापा । प्रधानमन्त्री सुशीला कार्कीलाई निर्वाचन आयोगका पदाधिकारीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जारी हुने निर्वाचन आचारसंहिताबारे शुक्रवार जानकारी गराएका छन् ।
निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारी, आयुक्तहरू डा. जानकी तुलाधार, सगुन शमशेर जबरासहित उच्चअधिकारीहरूले प्रधानमन्त्री



कार्कीलाई भेटेर सो जानकारी गराउनुका साथै निर्वाचनको व्यवस्थापन र तयारीका विषयमा छलफल भएको हो ।
आयोगले निर्वाचनका लागि आगामी माघ ३ गतेदेखि निर्वाचन आचारसंहिता जारी गर्ने जानकारी प्रधानमन्त्री कार्कीलाई गराएको छ । सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार प्रतिनिधिसभा तथा राष्ट्रियसभा सदस्य निर्वाचनको तयारीका विषयमा निर्वाचन आयोगले प्रधानमन्त्रीसँग छलफल तथा परामर्श गरेको छ।
२०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन र माघ ११ गते सम्पन्न हुने राष्ट्रियसभा सदस्य निर्वाचनको तयारीका सन्दर्भमा शुक्रवार आयोगले प्रधानमन्त्रीसँग छलफल गरेको हो।
छलफलमा आयोगको तर्फबाट कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनका लागि हालसम्म गरिएका तयारी तथा सम्पन्न भएका कार्यबारे जानकारी गराएका थिए ।
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले मितव्ययी ढंगले निर्वाचन सम्पन्न गर्न सार्वजनिक निकायमार्फत निर्वाचन सामग्री खरिद, निर्वाचन जनशक्तिको व्यवस्थापन, निर्वाचन सुरक्षा, निर्वाचन आचारसंहिता कार्यान्वयन, निर्वाचन पर्यवेक्षणलगायत विषयमा आयोगले गरेको तयारीबारे विस्तृत जानकारी गराएका थिए ।आयोगले गरेको तयारीप्रति प्रधानमन्त्रीले सन्तुष्टि व्यक्त गरिन् । छलफलका क्रममा प्रधानमन्त्रीले निर्वाचन स्वच्छ, निष्पक्ष तथा भयरहित वातावरणमा सम्पन्न हुने विश्वास व्यक्त गरेकी थिइन् । साथै निर्वाचनलाई केन्द्रमा राखी निर्वाचन आयोगले स्वीकृत गरेको निर्वाचन आचारसंहिता-२०८२ छिट्टै लागू गर्ने तयारीमा आयोग रहेको र त्यसको कडाइका साथ पालना गराउन आयोग दृढ रहेको जानकारी पनि प्रधानमन्त्रीलाई गराइएको थियो।
छलफलमा नेपाल सरकारका अर्थमन्त्री रामेश्वर खनाल, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिलकुमार सिन्हा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री महावीर पुन, मुख्यसचिव सुमनराज अर्याल, निर्वाचन आयुक्तद्वय डा. जानकीकुमारी तुलाधर र सगुन शम्शेर जबरा, निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउत, अर्थ सचिव डा. उपाध्यायलगायतको उपस्थिति रहेको थियो ।

### थुक्पा फ्याक्ट्रीमा भीषण आगलागी

# १ करोड ३० लाखको क्षति

झापा, पुष २५ । दमकको थुक्पा फ्याक्ट्रीमा भएको आगलागीबाट १ करोड ३० लाख बराबरको क्षति भएको छ । शुक्रवार बिहान अन्दाजी ९:४५ बजे दमक -९ बस्ने पदम भण्डारीले संचालन गरेको टिनको छानो पक्की वाल भएको स्वस्तिक थुक्पा फ्याक्ट्रीमा करेन्ट सर्ट भई आगलागी भएको हो । आगलागीबाट उक्त फ्याक्ट्री पूर्णरुपमा जल्नुका साथै सोही फ्याक्ट्रीसँगै रहेको भण्डारीको तीनतले पक्की घरसमेत जली घरभित्र रहेका सम्पूर्ण सरसामान नष्ट हुँदा ठूलो क्षति भएको प्रहरीले जनाएको छ । दमक नगरपालिका , उर्लाबारी नगरपालिका, गौरादह नगरपालिका , पथरी शनिश्चरे नगरपालिका , शिवसताक्षी नगरपालिका र कमल गाउँपालिकाको दमकल, स्थानीयबासी, इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीसमेतको सहयोगमा बिहान ११:२५ बजे आगो पूर्णरुपमा नियन्त्रणमा आएको थियो ।

# निर्वाचनका लागि झापामा ८०० सेना परिचालन हुने

झापा, पुष २५। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि झापामा ८०० सेना परिचालन हुने भएको छ ।

२१ नं बाहिनी तोपगाछी केर्खा र अरिदमन गण चारआलीबाट गरी ८०० फौज निर्वाचनमा खटिने गणले जनाएको छ ।



अहिले १५ स्थानमा गस्ती गरिरहेको र माघ २१ गते सबै फौज फिल्डमा खटिने जनाइएको छ ।

नेपाली सेनाले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ८० हजार जनशक्ति परिचालन गर्ने तयारी गरेको छ ।
नेपाली सेनाका सहायक रथी एवम् प्रवक्ता राजाराम बस्नेतले निर्वाचनका सन्दर्भमा एकीकृत सुरक्षा योजना २०८२ अनुमोदन भई राष्ट्रपतिबाटसमेत स्वीकृत भइसकेकाले सोहीअनुसार फौज परिचालन हुने जानकारी दिए ।
निर्वाचनका सिलसिलामा सेनाले तीन चरणमा काम गर्नेछ ।

निर्वाचनपूर्वको मुख्य जिम्मेवारी मतपत्र छपाइ सुरक्षादेखि महत्वपूर्ण संरचनाको सुरक्षाको जिम्मेवारी सेनाले बहन गर्नेछ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालसँगको समन्वय र सहकार्यमा विमानस्थल, कारागारलगायत महत्वपूर्ण संरचनाको सुरक्षा जिम्मेवारी नेपाली सेनाले गर्नेछ ।
निर्वाचनका सिलसिलामा सेनाले चार वटै सुरक्षा निकाय र जिल्ला प्रशासनसँगको समन्वय, सहयोग र सहकार्यमा तल्लो तहसम्म निर्वाचनसँग सम्बन्धित एकीकृत तालिम र अभ्यास सञ्चालन गर्नेछ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने कार्यमा सहज होस् भन्ने हेतुले उक्त तालिम र अभ्यास गरिने छ ।

मतदानका समयमा निर्वाचनस्थल र केन्द्रमा खटिने क्रममा नेपाली सेना तेस्रो घेरामा रही राजनीतिक दल, उम्मेदवार, मतदाता र निर्वाचनमा खटिएका कर्मचारीलाई सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउने छ ।

विगतमा जस्तै आगामी निर्वाचनलाई लक्षित गरी सेनाले देशका विभिन्नस्थलमा सुरक्षा वेश स्थापना गर्ने तयारी गरेको छ । फागुन २१ गते मतदान सम्पन्न भएसँगै मत पेटिकाको ढुवानीदेखि मतगणनास्थलको सुरक्षालगायतका

# काठमाडौंका मेयर बालेन फेसबुके प्रधानमन्त्री: साम्पाङ

सुनसरी । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले काठमाडौं महानगरका मेयर बालेन्द्र शाहलाई फेसबुके प्रधानमन्त्रीको संज्ञा दिएका छन् ।
धरान उपमहानगरपालिकाका प्रमुखसमेत रहेका साम्पाङले इटहरीमा शुक्रबार आयोजित सभामा देश जलेको बेला भाग्ने शाह कुनै पनि हालतमा प्रधानमन्त्रीको लायक नभएको बताए । मेयर शाहप्रति आक्रमक देखिएका साम्पाङले संस्कृति स्थापित नगरेसम्म देशले वास्तविक विकासको बाटो नलिने बताए । 'लोकतन्त्र, राष्ट्र र राष्ट्रिय स्वाधीनताको रक्षा गर्न सबै नागरिक सचेत र एकजुट हुनुपर्छ,' उनले भने, 'श्रम, माटो र जनताको प्रत्यक्ष सहभागिताबाट मात्रै दिगो विकास र समृद्धि सम्भव हुन्छ ।' ।

देशको समृद्धि आपसी एकता र सहकार्यबाट मात्रै हासिल हुने उनको भनाइ थियो । अध्यक्ष




रवि लामिछाने र कुलमान घिसिङ पनि विदेशीको मतियार भएको आरोप लगाए । तीन नेताहरु मिलेर भएको एकतालाई साम्पाङले गाँठो बन्धनको संज्ञासमेत दिए ।

उनीहरुको गाँठो परेको बन्धनले देशलाई समृद्ध नबनाउने साम्पाङको दाबी थियो ।
देश समृद्ध बनाउन श्रमदान अपरिहार्य रहेको उनको भनाइ थियो । पार्टीको संगठन विस्तार तथा चुनावी अभियानमा रहेका साम्पाङले नीति निर्माणसँगै श्रम राईले देश अहिले जलेर खरानी बनेको अवस्थाबाट गुज्रिरहेको उल्लेख गर्दै सबै मिलेर पुनःनिर्माण गर्नुपर्ने बताए । आगामी फागुनमा हुने निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न सरोकारवाला निकायले विशेष योजना बनाएर आवश्यक समन्वय गर्नुपर्ने अध्यक्ष राईले बताए ।

निर्वाचन नहुँदा लोकतन्त्र अपहरणमा पर्ने खतरा रहेको उल्लेख गर्दै आवधिक निर्वाचन नै लोकतान्त्रिक व्यवस्थाको आधार भएको जनाए ।

# विशेष महाधिवेशनमा झापाका दुईतिहाई प्रतिनिधिले भाग लिने




झापा, पुष २५ । यही पुष २७ र २८ गते काठमाण्डौमा हुन लागिरहेको विशेष महाधिवेशनमा झापाका दुईतिहाई प्रतिनिधिहरुले भाग लिने महाधिवेशन पक्षधरहरुले बताएका छन् ।
महाधिवेशनमा भाग लिनका लागि उनीहरु हिजैदेखि काठमाण्डौ जान थालिसकेका छन् ।' हिजै धेरै साथीहरु आइपुग्नु भयो , आज बिहान चारजना आइपुग्नु भयो, आउने क्रम जारी छ ' महाधिवेशनका पक्षमा खुलेर लागेकी बिर्तामोडकी उमा शिवाकोटीले भनिन् , ' कोही साथीहरु महाधिवेशनकै दिन आइपुग्नु हुन्छ ।'

काठमाण्डौ पुगेका महाधिवेशन प्रतिनिधिहरुले सचिवालयमा दर्ता गर्ने क्रम जारी छ । झापाका प्रतिनिधिहरुले पनि त्यहाँ दर्ता गराइरहेका छन् । झापामा १२५ जना महाधिवेशन प्रतिनिधि छन् । त्यसमध्ये दुईतिहाई प्रतिनिधिहरुले विशेष महाधिवेशनमा भाग लिने शिवाकोटीले बताइन् । यसअघि गरिएको हस्ताक्षर अभियानमा झापाका ७५ भन्दा बढीले हस्ताक्षर गरेको उनले जानकारी दिइन् ।
विशेष महाधिवेशनको पक्षमा कार्यकर्ताहरु खुलेर लाग्न थालेका छन् । नेपाली काँग्रेस झापा क्षेत्र नं. १ का क्षेत्रीय सभापति इन्द्रबहादुर बुढाथोकीले विशेष महाधिवेशनमा सहभागिता जनाउन सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरुलाई अपिल गरेका छन् । बुढाथोकीले एक विज्ञप्ति जारी गर्दै आफ्नो क्षेत्रका सम्पूर्ण महाधिवेशन प्रतिनिधिसहित काँग्रेसका शुभेच्छुक र शुभचिन्तकहरुलाई समेत पनि विशेष महाधिवेशनमा सहभागी हुन अपिल गरेका हुन् । उनी काँग्रेस महामन्त्री विश्वप्रकाश शर्मा निकट मानिन्छन् ।

# काठमाडौँको तापक्रम २.४ डिग्रीमा झर्‍यो

काठमाडौँ । नेपालमा पछिल्लो समयमा तापक्रम घट्दो क्रममा रहेकामा शुक्रवार काठमाडौँको न्यूनतम तापक्रम थप घटेर २.४ डिग्रीमा झरेको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार यो रेकर्ड काठमाडौँको यो वर्षकै सबैभन्दा कम हो।
पुस लागेपछि देशभरको तापक्रम विस्तारै घटिरहेको र यो क्रम जारी रहेको मौसमविद् विनु महर्जनले बताइन्। उनले यो बेला तापक्रम घट्दो नै हुने भएकाले चिसोबाट जोगिनुपर्ने बताइन्।
गएको पुस ८ गते काठमाडौँको न्यूनतम तापक्रम ४.९ डिग्री रेकर्ड गरिएको थियो । पुस १५ मा काठमाडौँको न्यूनतम तापक्रम ४.८ डिग्रीमा झरेको थियो।
पुस १७ गते तापक्रम घटेर ४.६ मा आएकामा १९ गते ४.५ डिग्रीमा झरेको हो । यस्तै पुस २३, २४ मा ३ डिग्रीमा झरेको तापक्रम आज २.४ मा झरेको छ।
यस्तै, विभिन्न जिल्लामा पनि तापक्रम घटिरहेको छ। शुक्रवार सबैभन्दा कम जुम्लामा न्यूनतम तापक्रम माइनस ७.७ डिग्री छ। जुम्लामा बिहीबार माइनस ८.१ सम्म तापक्रम झरेको थियो। जोमसोममा शुक्रवार माइनस पाँच डिग्री रहेको छभने दोलखाको जिरीमा माइनस २.१ रहेको छ।

शुक्रवार डडेलधुराको न्यूनतम तापक्रम १.५, दिपायलको १.४, वीरेन्द्रनगरको २.५, ताप्लेजुङको ३.९ र लुम्लेको तापक्रम ३.६ डिग्री रहेको छ।

# प्रधानमन्त्री 'कुलपति' हुने व्यवस्था हटाउने कसरत

काठमाडौं । महावीर पुन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री भएपछि लागि परेको काम हो- विश्वविद्यालयहरूमा प्रधानमन्त्री कुलपति हुने व्यवस्था हटाउने।

उनी शिक्षामन्त्री नियुक्ति भएपछि हालसम्म पनि यो व्यवस्था हटाउन पहल गरिरहेका छन्। उनले यसका लागि न्वारानदेखिको बल लगाउँदै आएको समेत बताएका छन्।

प्रधानमन्त्री कुलपति हुने व्यवस्थाले विश्वविद्यालयहरूमा राजनीतिकरण भएको र गुणस्तरीय उच्च शिक्षा दिनुभन्दा पनि विश्वविद्यालयलाई बढी दलीय 'भर्ती केन्द्र' बनाइएको शिक्षामन्त्री पुनको निष्कर्ष छ।

सार्वजनिक कार्यक्रममा पनि यसबारे बोल्न कहिलै छुटाउँदैनन् उनी। त्यसो त उनले यो व्यवस्था हटाउन शिक्षा मन्त्रालयले मन्त्रिस्तरीय निर्णयबाट गत मंसिरमै विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष देवराज अधिकारीको अध्यक्षतामा १३ सदस्यीय 'विज्ञ कार्यदल' गठन गरेको थियो।

यो कार्यदललाई उच्च शिक्षासम्बन्धी कानुन परिवर्तन गर्न विधेयकको मस्यौदा तयार पार्नुपर्ने जिम्मा छ। त्यही आधारमा प्रधानमन्त्री कुलपति हुने व्यवस्था हटाइनेछ। हाल विज्ञ कार्यदलले मस्यौदा लेखनको काम अन्तिम चरणमा पुऱ्याएको शिक्षामन्त्री पुनको सचिवालयले जनाएको छ।

सचिवालयका सदस्य सागर ढकालले भने, 'कार्यदलले मस्यौदा लेखनको काम अन्तिम चरणमा पुऱ्याएको छ, अबको एकदुई दिनमा काम सकिएर सम्बन्धित ठाउँमा पुऱ्याउने काम हुनेछ।'

उनका अनुसार कार्यदलले प्रधानमन्त्री कुलपति हुने व्यवस्था कसरी हटाउन सकिन्छ भनेर अध्ययन गरेर सिफारिस गर्नेछ। त्यही आधारमा ऐन बनाइनेछ। त्यसपछि राष्ट्रपतिसमक्ष अध्यादेशमार्फत पठाइने र राष्ट्रपतिले स्वीकृत गरेपछि यो व्यवस्था लागू हुने सदस्य ढकालले जानकारी दिए।

'विश्वविद्यालयहरूमा प्रधानमन्त्री कुलपति हुने र कुलपति अर्थात् प्रधानमन्त्रीले उपकुलपति सिफारिस गरेको आधारमा नियुक्त गर्ने व्यवस्था छ। उक्त व्यवस्थाले हालसम्म योग्यभन्दा पनि दलीय भागबन्डामा उपकुलपति हुने गरेको छ। त्यसकारण विश्वविद्यालयहरूमा प्रधानमन्त्री नभएर प्राज्ञिक व्यक्ति कुलपति हुनुपर्ने शिक्षामन्त्री पुनको जोड छ। उनले भन्दै आएका छन्, ' विश्वविद्यालयहरूमा राजनीतिकरण कसरी कम गराउने भन्नेमा मेरो जोड छ, तपाईंहरू(विश्वविद्यालय)को आ-आफ्नै छाता ऐन छ, तपाईंहरूकै हो, सञ्चालन गर्ने तरिका फरक हुन्छ, त्यसलाई चलाइँदैन तर कसरी राजनीतिकरण कम गर्ने, यो भनेको कुलपति हुने चाहिँ स्वच्छ र प्राज्ञिक व्यक्ति कुलपति हुनुपर्छ, प्रधानमन्त्रीलाई कुलपतिको पगरी गुथाउने चलन हटोस् भन्ने हो।'

उनका अनुसार विश्वविद्यालयहरूमा कुलपति प्रधानमन्त्री नरहने व्यवस्था गर्न प्रधानमन्त्री सुशीला कार्की पनि सकारात्मक छिन्। उनी आफैले यो व्यवस्था हटाउन कदम चालिएको बताएकी छिन्। प्राज्ञहरूले पनि विश्वविद्यालयहरूमा राजनीतिक हस्तक्षेप बढेको भन्दै कुलपति प्रधानमन्त्री हुने चलन हटाउन मन्त्री पुनलाई सुझाव दिँदै आएका छन्।

हाल १० वटा विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति हुने व्यवस्था छ। त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति हुने व्यवस्था छ।

यसैगरी मध्यपश्चिम विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति बन्ने व्यवस्था छ। नेपाल खुला विश्वविद्यालयमा भने प्रधानमन्त्री नभई शिक्षामन्त्री कुलपति हुने व्यवस्था छ। मधेश कृषि विश्वविद्यालयमा मुख्यमन्त्री कुलपति हुने व्यवस्था छ। मनमोहन प्राविधिक विश्वविद्यालयमा प्रदेशको मुख्यमन्त्री कुलपति रहने व्यवस्था छ। यसैगरी बोर्ड अफ ट्रस्टीमा कुलपति र अध्यक्ष रहेका विश्वविद्यालय ६ वटा छन्। मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, गण्डकी विश्वविद्यालय, लुम्बिनी प्राविधिक विश्वविद्यालय र विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयले अध्यक्ष चयन गर्नेछ।

यी विश्वविद्यालयले सार्वजनिक सूचना जारी गरी प्रतिस्पर्धाको आधारमा अध्यक्ष छान्ने व्यवस्था छ। नेपाल विश्वविद्यालयमा भने विज्ञलाई कुलपति बनाउने व्यवस्था छ।



# नर्सहरूसँगको सम्झौता कार्यान्वयन गर्दै स्वास्थ्य मन्त्रालय

काठमाडौं । नर्सहरूसँग भएको सम्झौतानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले 'नर्स तथा स्वास्थ्यकर्मीहरूको न्यूनतम पारिश्रमिक र सेवा सुविधा निर्धारणका लागि श्रम नियमावलीमा आवश्यक व्यवस्था गरिदिन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई पत्राचार गरेको छ।

यसअघि गत कात्तिकमा नर्सहरूले निजिमा वा अन्य सामुदायिक स्वास्थ्य संस्थाहरुमा काम गर्ने नर्सहरुले पनि सरकारी सरह सेवा सुविधा पाउनुपर्ने भन्दै आन्दोलन गरेका थिए। सोही आन्दोलनको क्रममा नर्सहरुसँगग गरिएको सम्झौतानुसार स्वास्थ्य मन्त्रालयले सम्झौता कार्यान्वयनका लागि सहज बनाउन श्रम नियमावलीमा नै व्यवस्था गर्नुपर्ने भन्दै स्वास्थ्यले श्रम मन्त्रालयलाई पत्राचार गरेको मन्त्रालयले जनाएको छ।

यसअघि आन्दोलनरत नर्सहरुसँग मन्त्रालयले गरेको पहिलो नम्बरमा नै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०८१ मंसिर २७ एवं २०८२ असोज २४ मा परिपत्र गरेबमोजिम नर्स तथा स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक लगायतका सेवा सुविधाको सुनिश्चिताका लागि सबै सरोकारवाहरु प्रतिबद्ध छौँ' भनिएको थियो।

अहिले मन्त्रालयले सोहीअनुसार नर्सहरुको सेवा सुविधा बढाउने विषय कार्यान्वयन गर्ने प्रक्रिया अघि बढाएको हो।

यस्तै 'स्वास्थ्यकर्मीको सेवा सुविधा वैज्ञानिक रुपमा निर्धारण गर्न श्रम नियमावली २०७५ को नियम ५७ बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण समितिमा स्वास्थ्यलाई विशेष क्षेत्रको रूपमा परिभाषित गरी स्वास्थ्य



मन्त्रालय र स्वास्थ्य क्षेत्रमा क्रियाशील ट्रेड युनियन तथा पेशागत संघ संगठनको प्रतिनिधिमध्येबाट २ जना प्रतिनिधि हुने गरी स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक र सेवा सुविधा निर्धारणका लागि श्रम नियमावलीमा आवश्यक व्यवस्था गरिदिन' भन्दै स्वास्थ्य मन्त्रालयले श्रम मन्त्रालयलाई पत्राचार गरेको हो।

नेपाल सरकारले तोकेको स्वास्थ्यकर्मीको तहगत पारिश्रमिक लगायत अन्य सेवा सुविधालाई कानूनी मान्यता लिदाउन श्रम ऐन २०७४ को दफा १०६ मा भएको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने तथा दफा १०७ को उपदफा (२) ले व्यवस्था गरे अनुरूप न्यूनतम पारिश्रमिक निर्धारण गर्दा नेपालभरको लागि वा खास कुनै क्षेत्र वा प्रकृतिको प्रतिष्ठान वा उद्योगको वा रोजगारीको क्षेत्रका लागि श्रमिकको न्यूनतम पारिश्रमिक सिफारिस गर्न सक्नेछ भन्ने व्यवस्थाअनुरुप स्वास्थ्य क्षेत्रमा काम गर्ने नर्सिङ तथा अन्य स्वास्थ्यकर्मीको बौद्धिकतालाई तहगत रुपमा विभाजन गरी न्यूनतम पारिश्रमिक लगायत अतिरिक्त सेवाबापत थप पारिश्रमिक, रात्रिकालीन ड्युटी गरेवापतको पारिश्रमिक कानून अनुसार वैज्ञानिक रुपमा निर्धारण हुनुपर्ने भन्दै श्रम नियमावलीमा आवश्यक व्यवस्था गरिदिन श्रम मन्त्रालयलाई पत्राचार गरिएको हो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्देशन गरेअनुसार सेवा सुविधाको माग गर्दै सुरुमा पोखरास्थित मणिपाल मेडिकल कलेजका नर्सहरूले गत असोज ८ गते आन्दोलनको सुरुवात गरेका थिए तर पछि नर्सहरूले सेवा नै रोकेर उक्त आन्दोलन देशव्यापी रूपमा गरेका थिए।

नर्सहरूले सरकारी सरह ( पाँचौं तह) बराबरको तलब बाहेकअतिरिक्त कार्यवापत भत्ता, ज्यालादारीको रुपमा नर्सहरूलाई राख्ने व्यवस्थाको अन्त्य र सबै तलब-भत्ता बैंकिङ प्रणालीमार्फत भुक्तानी हुनुपर्ने माग राखेर उनीहरू आन्दोलनमा उत्रिएका थिए। यही अनुसार स्वास्थ्य मन्त्रालयले नर्सहरुको माग बमोजिम माग पूरा गर्ने प्रतिबद्धता जनाउँदै सम्झौता गरेको थियो।

# नोबेल अस्पतालनजिकका ७ वटा औषधि पसलमा ताला

विराटनगर । विराटनगर महानगरपालिका-४ स्थित नोबेल शिक्षण अस्पताल आसपासमा बिरामी ठग्ने काममा संलग्न रहेको पुष्टि भएपछि ७ वटा औषधि पसल (फार्मेसी)मा शुक्रबार ताला लगाइएको छ। जिल्ला प्रशासन कार्यालय मोरङ र औषधि व्यवस्था विभाग विराटनगरको संयुक्त टोलीले आकस्मिक अनुगमन गर्दै गम्भीर अनियमितता भेटिएपछि फार्मेसीहरू तत्काललाई सिल गरेको हो।

अस्पतालनजिक सञ्चालनमा रहेका १४ वटा फार्मेसीमा एकैपटक अनुगमन गरिएको थियो। अनुगमनका क्रममा कानुनविपरीत औषधि बिक्री, बिना दर्ताका विदेशी औषधि राखिएको, म्याद सकिएका औषधि बिक्रीका लागि तयारी अवस्थामा राखिएको तथा चिकित्सकले नलेखेका औषधिसमेत बिरामीलाई जबर्जस्ती दिइएको भेटिएको प्रशासनले जनाएको छ।

यस्ता क्रियाकलापले बिरामीको स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने निष्कर्ष निकाल्दै ७ वटा फार्मेसीमा ताला लगाइएको हो। सिल गरिएका फार्मेसीहरूमा सीताराम, छिन्नमस्ता, धनगढी माई मेडिकल, सुसंस्कृति, गोल्ड, मित्र र आविष्कार रहेका छन्। औषधि व्यवस्था विभाग विराटनगरका सूचना अधिकारी दीपेन्द्र खड्काका अनुसार सिल गरिएका फार्मेसीहरूले औषधि बिक्रीसम्बन्धी आधारभूत कानुनी मापदण्डसमेत पालना नगरेको पाइएको छ।

मूल्यमा मनपरी असुली गरिएको, बिरामीलाई आवश्यक नपर्ने औषधि समेत किन्न बाध्य बनाइएको र ठगी गरेको स्पष्ट प्रमाण भेटिएपछि कडा कदम चाल्नुपरेको उनको भनाइ छ। अनुगमनकै क्रममा मित्र फार्मेसीबाट बिरामीलाई अनावश्यक औषधि थमाइएको, अत्यधिक मूल्य लिइएको र गलत परामर्श दिइएको तथ्य खुलेको विभागले जनाएको छ। बिरामी र उनीहरूका आफन्तबाट निरन्तर गुनासो आएपछि प्रशासनले यो विषयलाई गम्भीर रूपमा लिएको पनि खड्काले स्पष्ट पारे। सरकारी निकायले तत्काल कारबाही गरेपछि स्थानीय र बिरामीका आफन्तहरूले प्रशासनको कदमलाई स्वागत गरेका छन्। विभागले सिल गरिएका फार्मेसी सञ्चालकहरूमाथि औषधि ऐनअनुसार थप अनुसन्धान गरी आवश्यक कारबाही अघि बढाइने जनाएको छ। नोबेल शिक्षण अस्पतालजस्तो ठूलो उपचार केन्द्र वरिपरि बिरामीको असहायताको फाइदा उठाएर हुने ठगी मान्य नहुने भन्दै प्रशासनले नियमित अनुगमन र कडा निगरानीलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ।

# निर्वाचनमा सामाजिक सञ्जालबाट हुनसक्ने नकारात्मक सन्देशलाई रोकिने

काठमाडौं । निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सामाजिक सञ्जालबाट प्रवाह हुनसक्ने नकारात्मक सन्देश र गतिविधिलाई नियन्त्रण गरिने जनाएको छ ।

आयोगले शुक्रबार राजधानीमा पत्रकार सम्मेलन आयोजना गरी निर्वाचनमा सामाजिक सञ्जालबाट प्रवाह हुनसक्ने गलत, भ्रामक र नकारात्मक क्रियाकलापको निगरानी गर्ने जनाएको हो ।

सामाजिक सञ्जालमार्फत प्रवाह हुनसक्ने मिथ्या सूचना, दुष्प्रचार, घृणाष्पद अभिव्यक्ति, अपव्याख्या, डिप फेक (गहिरो भ्रम) झुटो साइट वा एकाउन्ट, निन्दा वा मानहानीलगायत विषयमाथि अनुगमन गरी गैरकानुनी कार्यलाई कानुनबमोजिम दण्डित गरिने प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए ।

यसका लागि नियामक निकायसँग सहकार्य गर्ने नीति लिइएको उनले जानकारी दिए ।

यसै हप्ता सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक मेटा तथा टिकटकका प्रतिनिधिसँग संवाद भएको आयोगले जनाएको छ । यसका लागि मेटा, टिकटक र एक्स (ट्वीटर) लाई पत्राचार गरिएको छ । आयोगमा सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत रहेर काम गर्नेगरी सूचना सदाचार प्रवर्द्धन एकाईले कार्य प्रारम्भ गरेको आयोगले जनाएको छ । सामाजिक सञ्जाल अनुगमन सफ्टवेयरलाई प्रयोगमा ल्याइएको प्रवक्ता भट्टराईले जानकारी दिए ।

आयोगले फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई




सफल बनाउन यो हप्ता प्रदेश सरकार र स्थानीय तहसँग समन्वय बैठक पनि सम्पन्न गरेको छ । यसैगरी आचारसंहिता अनुगमन समितिको बैठक यो हप्ता गरेर थप काम अघि बढाइएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त बन्द सूची रुजु गरी सम्बन्धित दललाई पत्राचार गरिएको छ । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरुका लागि पुस २८ र २९ गते काठमाडौं, चितवन, विराटनगर र नेपालगञ्जमा अभिमुखीकरण तालिम सञ्चालन हुने भएको छ । तालिमका लागि मुख्य प्रशिक्षकहरु तयार गर्न प्रशिक्षक प्रशिक्षण सम्पन्न गरिएको आयोगले पत्रकार सम्मेलनमा जानकारी गराएको छ ।

आयोगले न्याय परिषद्को परामर्शमा ७७ जना जिल्ला न्यायधीशलाई मुख्य निर्वाचन अधिकृत पदमा नियुक्त गरेको छ । यसैगरी न्याय सेवा आयोगको परामर्शमा ८८ जना न्याय सेवाका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतलाई शुक्रवारदेखि लागू हुने गरी निर्वाचन अधिकृत पदमा नियुक्ति गरेको छ । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले पुस २८ र २९ गतेको अभिमुखीकरणमा भाग लिई माघ २ गतेदेखि आ-आफ्नो निर्वाचन क्षेत्रमा कार्यालय स्थापना गरी काम सुरु गर्ने कार्यक्रम रहेको छ । यसैबीच, आयोगले नमूना मतपत्र छपाइ सम्पन्न गरेको छ । प्रत्यक्ष र समानुपातिकतर्फ गरी १० लाख नमूना मतपत्र छपाइ सम्पन्न गरिएको हो । मतदाता नामावली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरिएको छ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पूर्वः श्री रमा चापागाईको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री गंगा बरालले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा १ | १ | १९८७१ | १६०.८४ | २०८२/०८ /२५ | २०८२/०८/२५ | २०८२/०९/२४ |

## डाक्टर आउने बारे सूचना

**आश्विन बाथ सेन्टरमा डा. टंकप्रसाद बाराकोटीको अब दैनिक सेवा उपलब्ध छ ।**

**डा. टंकप्रसाद बाराकोटी**
नवजात शिशु तथा वरिष्ठ बाल रोग बिशेषज्ञ
NMC –2356

**प्रत्येक दिन दिउँसो १२ बजेदेखि २ बजेसम्म**

सम्पर्क– ०२३५३०५४५,९८६२६७०८५०
शनिश्चरे रोड , बिर्तामोड

## यस बैंकमा रहेका विगत १० वर्षदेखि निष्कृय (Dormant) खाताहरुको बारेमा सार्वजनिक सूचना

यस बैंकमा खाता खोली विगत १० वर्षदेखि सो खाताबाट कारोवार नभएका र सो खातामा हकदाबी नपरेका निक्षेप खाताहरु संचालन गर्न हुनको लागि यथासक्य चाँडो यस बैंकको पायक पर्ने शाखामा सम्पर्क राख्नहुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराउँदछौं ।

पुनश्चःनेपाल राष्ट्र बैंकको इ.प्रा.निर्देशन नं.१६/०८१बुँदा नं.३(४) बमोजिम २० बर्ष भन्दा बढी निष्कृय रहेका खाताहरुमा जम्मा भएको रकम वैकिङ्ग विकास कोषमा जम्मा गरिने व्यवस्था रहेको व्यहोरा पनि यसै सूचनामार्फत जानकारी गराउँदछौ ।

साथै सम्बन्धित खाताहरुको विवरण यस बैंकको वेवसाइट www.edb.com.np मा पनि राखिएको व्यहोरा अनुरोध गर्दछौं ।




## झापा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**टाँघनडुब्बा, झापा**

## शितलहर सम्बन्धी सतर्कता अपनाउने सम्बन्धी सूचना

प्रस्तुत विषयमा हाल देशैभरी बढिरहेको शितलहर तथा चिसोका कारण जनजीवन प्रभावित भइरहेको र झापा गाउँपालिकामा समेत प्रभाव बढिरहेकोले जाडो र चिसोबाट बच्न तपशिल बमोजिमका सावधानी अपनाउन झापा गाउँपालिकाबासीमा हार्दिक अनुरोध गरिन्छ।

१. अत्यावश्यक काम बाहेक बिहान र रातको समयमा बाहिर ननिस्कनुहोस् ।
२. न्यानो लुगा, टोपी, मोजा र कम्बल प्रयोग गर्नुहोस् ।
३. बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरूलाई विशेष ध्यान दिनुहोस् ।
४. चिसो बढ्ने समयमा तातो खाना र तातो पेय पदार्थ सेवन गर्नुहोस् ।
५. खुला ठाउँमा बस्ने, असहाय तथा विपन्न व्यक्तिहरूलाई न्यानो कपडा तथा सुरक्षित आश्रयको व्यवस्था गर्न आवश्यक सहयोग एवम् सहजीकरण गर्नुहोस् ।
६. चिसोका कारण ज्वरो, खोकी, सास फेर्न गाह्रो जस्ता समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
७. आगो बाल्दा वा हिटर प्रयोग गर्दा आगलागी र ग्यास चुहावटप्रति सचेत रहनुहोस् ।

साथै कुनै घटना भए वा थप जानकारीका लागि झापा गाउँपालिका विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वि.ओ.पी कुमरखोद तथा पुरानो शरणामतीमा सम्पर्क राख्न सक्नु हुनेछ ।

**जनार्दन निरौला**
प्रमुख प्रशासकीय अधिकत

## सम्पादकीय

# निर्वाचनमा सुरक्षा संवेदनशीलता

भदौ २४ को जेनजी आन्दोलनमा भागेका सबै थुनुवा पक्राउ परेका छैनन् । त्यस्तै झापाका प्रहरी कार्यालयहरुबाट लुटिएका हतियार पनि भेटिएका छैनन् । यो अबस्थामा शान्ति सुरक्षामा असर पर्न सक्ने शंका रहिरहेको छ । अर्कोतर्फ दुर्गा प्रसाई नागरिक बचाउ दलले निर्वाचनमा भाग नलिई बहिष्कार गर्दै आएको छ । यी कारणले गर्दा सुरक्षा चुनौती थपिएको छ । आगामी फागुन २१ गतेका लागि निर्धारित निर्वाचनमा झापाका २८५ वटा मतदान स्थलमध्ये ९५ वटा अति संवेदनशील रहेका छन् । जिल्लाका २८५ वटा मतदान स्थल र ८१५ वटा मतदान केन्द्रमध्ये ९५ वटा मतदान स्थल अति संवेदनशील , १४७ वटा संवेदनशील र ४३ वटा सामान्य रहेको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ । मतदान केन्द्रलाई हेर्ने हो भने यसअघि निर्धारित ७६६ वटा मतदान केन्द्रमध्ये २७१ वटा अति संवेदनशील , ३९० वटा संवेदनशील र १०५ वटा सामान्य रहेका छन् । यसमा ४९ वटा मतदान केन्द्र थपिएको छ । जसको वर्गीकरण ननिकालिएको सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईले बताए ।

निर्वाचन सुरक्षाका लागि झापामा चार हजार ७४८ जना निर्वाचन प्रहरीम्यादी प्रहरी) परिचालन गरिने भएको छ । प्रमुख जिल्ला अधिकारी शिवराम गेलालका अनुसार नेपाल प्रहरीतर्फ चार हजार २५९ र सशस्त्र प्रहरी बलतर्फ ४८९ जना परिचालन गरिनेछन् । भर्ना प्रक्रिया यसै सातादेखि सुरु गरिने उनले जानकारी दिए ।

निर्वाचन सुरक्षाका लागि निर्वाचन प्रहरीसँगै नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलसमेत परिचालन गरिनेछ । यसैगरी, समानुपातिकतर्फको मतदानका लागि जिल्ला कारागार झापा, कर्मचारी मिलन केन्द्र तथा दमकमा थप एक गरी तीनवटा अस्थायी मतदान केन्द्र स्थापना गरिने जानकारी दिइएको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी झापामा तीव्र पारिएको छ । सुरक्षा बन्दोबस्त हुँदाहुँदै निर्वाचनमा अप्रिय घटना हुन सक्छ । त्यसकारण सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाइनु पर्छ ।




# निर्वाचनबाटै लोकतन्त्रको सम्मान



• डा. शोभाकर पराजुली

प्रतिनिधि सभाको निर्वाचन नजिकिँदै जाँदा देश फेरि एक पटक राजनीतिक वाष्पले तातिएको छ । आगामी फागुन २१ गते घोषणा गरिएको निर्वाचन आउन अब ५५ दिन मात्रै बाँकी छ । यी दिनमा निर्वाचनका लागि गर्नुपर्ने अझ धेरै काम बाँकी छन् । सरकारले निर्वाचनका लागि सबैभन्दा महत्वपूर्ण पक्ष मानिने शान्ति-सुरक्षाको ग्यारेन्टी गरिरहेको भए पनि राजनीतिक दलहरू ढुक्क हुन नसकिरहेको अवस्था भए पनि छ र पनि देशमा निर्वाचनको माहोल जर्बजस्त तातिएको छ । हरेक देशका लागि निर्वाचन लोकतन्त्रको एउटा त्यस्तो उत्सव हो, जसले बहुदलीय संसदीय शासकीय व्यवस्था भएको राष्ट्रका लागि नयाँ र ताजा नेतृत्वको छनोट गर्छ । त्यसले गर्दा निर्वाचन लोकतन्त्रको आत्मा पनि मानिन्छ । यही बिचमा राष्ट्रिय सभाका रिक्त पदका लागि उम्मेदवारी दर्तासमेत भइसकेको छ । प्रतिनिधि सभा निर्वाचनको भविष्य आगामी माघ ११ गते हुने त्यही राष्ट्रिय सभाको निर्वाचनले पनि निर्धारण गर्छ । त्यसबाट फागुन २१ को एउटा सङ्केत पनि दिने छ ।

जेनजी विद्रोहका यी पाँच महिनामा देशमा धेरै प्रकारका परिवर्तन भएका छन् । राजनीतिक, सामाजिक र मानवीय चेतनाका अनेक आयामहरूले समाजलाई एउटा नयाँ रङ दिएको छ । नयाँ पुस्तामा आएको राजनीतिक जागरणले राजनीतिक भविष्यको पटाक्षेप पनि गरिरहेको छ । जेनजी विद्रोहपछि बिथोलिएको देशको राजनीतिक र सामाजिक व्यवस्था बिस्तारै मूल बाटोमा आउँदै छ । यसबाट देशले पनि एउटा लय समात्छ कि भन्ने आशा पनि पलाएको छ ।

जेनजी विद्रोहका क्रममा देशले कहिल्यै मूल्य चुकाउनै नसक्ने गरी भयङ्कर मानवीय र भौतिक क्षति ब्यहोरेको छ । त्यसबाट देशलाई एउटा युगीन चोट लागेको छ । त्यसबेला सुरक्षाकर्मीबाट लुटिएका हतियार अनि कारागार तोडेर भागेका कैदीबन्दी चुनावका मुख्य चुनौती बनेका छन् । यद्यपि सरकारले त्यसबाट सुरक्षा प्रत्याभूत गर्न गराउन हरसम्भव प्रयास गरिरहेको भनेको छ तथापि राजनीतिक दलहरू सुरक्षा चासोलाई लिएर ढुक्क हुने अवस्था बनिसकेको छैन । सरकारको पहिलो दायित्व भनेको राजनीतिक दलहरूलाई विश्वासमा लिन सक्नु पर्छ ।

विद्रोहपछि बिथोलिएको देशलाई समाल्न तत्कालीन अवस्थामा निर्दलीय अन्तरिम सरकारको गठन भयो । आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गराउने मुख्य कार्यभार पाएको यो अन्तरिम सरकारका पनि पाँच महिना बितिसकेका छन् । खास गरी नवपुस्ताको साथ र समर्थनमा उभिएको यो सरकारको संवैधानिक जग आफैँमा बलियो छैन । त्यसैले तोकिएको समयमा चुनाव नगरी सरकारलाई सुखै छैन । यस कारण सरकारका लागि पनि चुनाव अनिवार्य सर्त जस्तै भएको छ । अर्कोतिर देशमा राजनीतिक स्थायित्वका लागि पनि फागुन २१ को चुनाव अपरिहार्य छ । ठ्याक्कै नेपालको अहिलेको अवस्थासँग मिल्नेगरी पूर्वअमेरिकी राष्ट्रपति जिम्मी कार्टरले भन्नुभएको छ, “लोकतन्त्र भनेको अनुभूति हो । त्यस्तो अनुभूति जो जिन्दगीको जस्तै हुन्छ । अर्थात् त्यो सधैँ परिवर्तनशील हुन्छ । त्यसका विविधता अनन्त हुन्छन् । अझ कहिलेकाहीँ एउटा अशान्त अनि प्रतिकूलतामा समेत परीक्षण हुने भएका कारण त्यसको मूल्य अझ अनन्त हुन्छ ।” एउटा प्रतिकूल समयमा नेपालमा फेरि लोकतन्त्रको परीक्षण हुन थालिरहेको छ । निर्वाचन आयोग आफैँले नै यसलाई ‘आकस्मिक’ निर्वाचन भनेको छ । देशमा संवैधानिक सङ्कट टार्न अनि लोकतन्त्रको रक्षा गर्न यस्तो निर्वाचन अपरिहार्य हुन्छ । अहिले भनेको त्यस्तै अवस्था नै हो ।

जेनजी विद्रोहका कारण देश असाधारण रूपमै बिथोलिएको हो । राजनीतिक अनि संवैधानिक अङ्ग नै ध्वस्त हुने गरी भएको त्यो विद्रोहले देशलाई यसै गरी आकस्मिक निर्वाचनको माहोलमा धकेलिदियो । त्यसका लागि यहाँका राजनीतिक दल एक पटक फेरि परीक्षणका लागि जनतामाझ जानुपर्ने अवस्था आएको छ । यो एउटा त्यस्तो आकस्मिक समय बनिदियो, जसको कल्पना कसैलाई थिएन । कसैले पनि जेनजी विद्रोहले त्यो रूप धारण गर्ला भन्ने सोचेको थिएन । यद्यपि विद्रोहको रूप सोचे जस्तो त हुँदैन न त्यसको कुनै निश्चित सीमा निर्धारित हुन्छन् । अवस्था अनुसार विद्रोहका रूप र त्यसका परिणाम फेरिन सक्छन् । एउटा कुनै उद्देश्यका लागि सुरु गरिएको विद्रोहका क्रममा गत भदौ २३ र २४ गते भएको पनि त्यही हो ।

अहिले नचाहँदा नचाहँदै पनि कतिपय दल निर्वाचनका लागि तयार हुनुपर्ने आएको छ । किनकि यो दलहरूका लागि मात्रै नभए राष्ट्रका लागि आवश्यक ठानिएको निर्वाचन हो । हाम्रा अग्रज पुस्ताले युगौँ युग लडेर, रगत पसिना बगाएर ल्याएको परिवर्तन र उपलब्धि रक्षाका निम्ति आवश्यक भएको निर्वाचन हो । हाम्रो संविधान अनि लोकतन्त्र रक्षाका निम्ति आवश्यक परेको निर्वाचन हो । त्यसैले देशका सबैजसो राजनीतिक दलका लागि अहिले निर्वाचनको विकल्प छैन । यो निर्वाचनमा अहिले फरक माहोल पनि देखिन थालेका छन् । नयाँ भनिएका वा ‘वैकल्पिक शक्ति’ ठान्ने नयाँ पार्टीहरूले आफूलाई ध्रुवीकृत गर्न थालेका छन् । फरक राजनीतिक विचार अनि सिद्धान्त बोकेका दलहरूले पनि यतिबेला चुनावी मोर्चा बनाउनुपर्ने अवस्था सिर्जना भएको छ । देशमा ठुला भनिएका नेपाली कांग्रेस अनि नेकपा एमालेहरू पनि चुनावका लागि तम्तयार त देखिन्छन् र सरकारसँग अझै पनि आश्वस्त हुन सकिरहेका छैनन् । यही बिचमा नेकपा एमालेले त आन्तरिक प्रतिस्पर्धामार्फत आफ्नो नेतृत्वलाई पनि पुनर्ताजगी गरिसकेको छ । नेपाली कांग्रेस त्यसकै लागि अलमलिइरहेको छ । सरासर हिसाबले यही वर्षको मङ्सिरमा हुनुपर्ने कांग्रेसको महाधिवेशन विभिन्न बहानाबाजी गर्दै धकेल्न थालिएको छ । महिनौँसम्म छलफलपछि पनि कांग्रेस यही महाधिवेशनको गोलचक्करमै छ । एउटा ठुलो, पुरानो र ऐतिहासिक रूपमा स्थापित देशको लोकतान्त्रिक राजनीतिक शक्तिका हिसाबले कांग्रेसको यो अलमल देशकै लागि निकै महँगो साबित हुने छ । यो पार्टी जीवन मात्रै नभएर राष्ट्रिय जीवनका लागिसमेत हानिकारक छ । भविष्यमा कुनै दिन कांग्रेसले यसको समीक्षा गर्ने नै छ । तथापि अहिलेको अवस्थामा आफू अनिर्णित भएर सिङ्गो देशलाई नै अनिर्णयको बन्दी बनाउने अधिकार कांग्रेससँग छैन, त्यो गर्न उसलाई सुहाउँदैन पनि ।

इतिहासका यस्ता धेरै अप्ठ्यारा मोडमा कांग्रेसले आफ्नो निर्णायक नेतृत्व प्रदर्शन गरिसकेको छ । त्यसैले पनि ऊ देशको ऐतिहासिक पार्टी कहलिएको हो । राष्ट्र नै अप्ठ्यारोमा परिरहेका बेलामा पार्टीको आन्तरिक जीवनलाई नै झन् ध्वस्त बनाउने गरी कांग्रेसभित्र अहिले जुन खालको अवस्था सिर्जना गरिएको त्यसलाई नवपुस्तालाई राजनीति र राजनीतिक पार्टीप्रति झन् वितृष्णा पैदा गर्न थालेको छ ।

त्यसैको एक आशङ्का रूपमा भदौ २३ र २४ को विद्रोहलाई पनि लिन सकिन्छ । राजनीतिक दल तिनको नेतृत्व र शासकीय प्रवृत्तिबाट विरक्तिएको यो पुस्ताले एउटा भयानक विद्रोहबाट एक प्रकारले दलहरूलाई विस्थापित गरेको अवस्था थियो । तथापि हरेक लोकतान्त्रिक शासन पद्धति भएको देशमा राजनीतिक दलहरूको विकल्प हुँदैन ।

राजनीतिक दल लोकतन्त्रका एक अविछिन्न अंश हुन् । जसबिना लोकतन्त्रको परिकल्पना गर्न सकिँदैन । त्यसैले यो निर्वाचन भनेको फेरि पनि एक पटक राजनीतिक दलहरू जनताबाट अनुमोदित भएर स्थापित हुनुपर्ने समय हो । यो उपयुक्त मौकामा कांग्रेस जस्ता दलहरू आफैँभित्र यति धेरै अलमलिनु भनेको सिङ्गो राष्ट्र, राष्ट्रियता र लोकतन्त्रकै लागि हितकर छैन । किनकि कांग्रेसका हरेक कदम यतिबेला उसको आन्तरिक जीवनमा मात्रै नभई सिङ्गो राष्ट्रिय जीवनका लागि निकै अर्थपूर्ण रहन्छन् ।

एउटा ठुलो राजनीतिक शक्ति भएका नाताले लोकतन्त्रको यो उत्सवमा कांग्रेसको सक्रियता, योगदान र उपस्थिति आफैँमा महत्वपूर्ण हुन्छ । त्यसलाई कांग्रेसले भुल्नुहुन्न । किनकि कांग्रेसको ऐतिहासिक साख इतिहासका यस्तै मोडहरूबाट सिर्जित भएका हुन् । यो भनेको निर्वाचनमा हारिन्छ वा जितिन्छ भन्ने होइन । किनकि निर्वाचन भनेको आफूले जित्नका लागि मात्रै होइन बरु लोकतन्त्रलाई जिताउनका लागि पनि आवश्यक छ । राजनीतिक पार्टी जीवनमा त निर्वाचन भनेको एउटा कठिन तर अनिवार्य सर्त पनि हो । यसै सन्दर्भमा तत्कालीन कांग्रेसका सभापति बिपी कोइरालाले भन्नुभएको एउटा भनाइ निकै मार्मिक अनि सान्दर्भिक पनि छ । त्यो बेला तत्कालीन राजा वीरेन्द्रले दलहरूलाई सान्त्वना दिनका लागि एउटा प्रस्ताव गरे जनमत सङ्ग्रहको । त्यो भनेको ‘सुधारिएको पञ्चायत’ वा ‘बहुदल’ बिच हुने जनताको रोजाइ वा परीक्षण थियो । जसलाई धेरै जनताले रोज्छन्, त्यही व्यवस्था स्थापित हुने सर्त थियो ।

कम्युनिस्ट शक्तिले विरोध गर्दा गर्दै पनि बिपीले त्यो प्रस्तावलाई स्वीकार गर्नुभयो । अहिले त्यही सन्दर्भमा कसैलाई बिपीलाई सोधेको थियो ‘बहुदल हार्दै छ भन्ने थाहा पाएर पनि तपाईं किन जनमत सङ्ग्रहमा जान खोज्दै हुनुहुन्छ ?’ शालीन भएर त्यो बेला बिपीले भन्नुभएको ‘जनतालाई प्रजातन्त्रको लत बसाउन...।’ र २०४६ सालको जनआन्दोलन र त्यसपछिको जित जनतामा जागेको लोकतन्त्रप्रतिको सम्मानको थियो । अनि फेरि पनि फागुन २१ परिवर्तनको अर्को परीक्षामा परीक्षित हुने दिन हो ।-गोप

# समृद्धिको सपनाभित्र गरिबीको गणित



• रत्न प्रजापति

यतिखेर नेपाली जनता समृद्धिको सपना र अभावको यथार्थबीच दोसाँधमा बाँचिरहेका छन् । राज्यसत्ताले समृद्धिको सपना बाँड्दै आएको छ । जनता भने गरिबी र अभावको यथार्थ भोगिरहेका छन् । सरकारको नीति तथा कार्यक्रममा समृद्धिको सपना छ । आर्थिक वर्षको वार्षिक बजेटमा समृद्धिको सपना छ । सरकारका उच्च पदस्थहरूको भाषणमा समृद्धिको सपना छ ।

नेताका आश्वासनमा समृद्धिको सपना छ । तर जनता भने दैनन्दिन गरिबी र अभावले छटपटाइरहेका छन् । सरकारी तथ्यांकले नै भन्छ, देशका २०.३ प्रतिशत जनता गरिबीको रेखामुनिको जीवनयापन गरिरहेका छन् । त्यो गरिबीको रेखामुनिको जीवनयापन कति कष्टकर छ भन्ने कुरा गरिब जनतालाई बाहेक कसैलाई थाहा छैन । त्यसैले गरिबीको पीडाले असह्य भएर सामुहिक आत्महत्या गर्ने शृंखला चलिरहेकै छ र सामूहिक आत्महत्याको दर्दनाक समाचार पढेर मर्माहत भइरहनु परेको छ ।

गरिबीको रेखामुनि रहेका जनता भनेका झुपडीमा बस्ने नै हुन् । जो खोलेफाँडो पनि नियमित खान पाउँदैनन् । बिरामी परे ओखतीमुलो गर्न नसक्ने र अस्पतालको त कुरै छोडौं, नजिकको स्वास्थ्यचौकीसम्म पनि पुग्न नसक्ने जनता हुन् । तिनका छोराछोरीले विद्यालयको मुखसम्म पनि देख्न पाउँदैनन् । तिनले शिक्षा हासिल गर्न पाउँदैनन् । कुनै सीप सिक्न पाउँदैनन् । रोजगारीको कुनै अवसरका लागि प्रतिस्पर्धा गर्न सक्दैनन् । अनि बाबुजस्ता थिए त्यस्तै बन्छन् छोराछोरी पनि र भोग्छन् बाबुकै नियति । गरिबीको रेखामुनि बाँचेका जनतालाई प्रजातन्त्र के हो थाहा छैन । गणतन्त्र के हो थाहा छैन । लोकतन्त्र के हो थाहा छैन । यी कुनै पनि तन्त्रहरूले तिनको जीवनमा कुनै माने राख्दैनन् । यी त टाठाबाठाहरूको सुख र सुविधाका लागि ल्याइएका शासन पद्धतिमात्रै बनेका छन् । यी शासन पद्धतिले ती गरिबीको रेखामुनिको कष्टकर जीवनयापन गर्ने जनतालाई समेट्नै सकेको छैन । ती जनतालाई प्रजातन्त्र, गणतन्त्र र लोकतन्त्रका सुखद अनुभूति हुने काम राज्यसत्ताले गर्नै सकेको छैन । राज्यसत्ता हिजो सत्ता र शक्तिमा केन्द्रित थियो । राज्यसत्ता आज पनि सत्ता र शक्तिमै केन्द्रित छ ।

जेन–जी आन्दोलन त्यसै भएको होइन । शिक्षित किशोर र युवाको लहडले मात्रै भएको होइन, जेन–जी आन्दोलन । वर्षौंदेखिको राजनीतिक बेथिति, भ्रष्टाचार, कुशासन, अपारदर्शिता र जवाफदेहीविहीनताले जन्माएको निराशा, आक्रोश र विद्रोहको परिणाम हो, जेन–जी आन्दोलन । जुन आन्दोलनले परिवर्तन चाहेको थियो, त्यो राजनीतिक परिवर्तन प्राप्त गऱ्यो । भ्रष्ट राज्यसत्तालाई गलहत्यायो र जनपक्षीय लोकतन्त्र र जनपक्षीय शासन पद्धतिको सुरुवात गऱ्यो । अब आगामी निर्वाचनपछि बन्ने सरकारले जनपक्षीय काम गर्नेछ र गरिबीको रेखामुनि बाँचेका ती २०.३ प्रतिशत जनतालाई पनि साँच्चै देशमा जनपक्षीय लोकतन्त्र छ भन्ने महसुस गराउनेछ, गराउनु पर्नेछ । आम मतदाताले आगामी फागुन २१ हुने निर्वाचनपछि यही अपेक्षा गरेका छन् ।

‘समृद्ध नेपाल, सुखी नेपाली ।’ कति मिठो छ यो नारा । तर नाराले मात्रै देश समृद्ध बनेन र नेपाली सुखी पनि भएनन् । किनभने सुख र समृद्धि ल्याउने काम कुनै सरकारले गर्नै सकेन । कुनै नेताहरूले त्यो समृद्धि र सुख आउने काम गर्नै चाहेनन् । व्यक्तिगत र दलगत स्वार्थले परिचालित हुँदै आएको नेतृत्व र उस्तै कर्मचारीतन्त्रले गर्दा देशमा भ्रष्टाचार र कुशासनले प्रश्रय पाउँदै आयो । समृद्धिका नीति, कार्यक्रम र योजनाहरू कागजी दस्तावेज, सरकारी उच्च पदस्थहरूको भाषण र नेताहरूको आश्वासनमै सीमित रहँदै आयो । अनि झन्डै एक चौथाइ जनताले भोग्नुपऱ्यो, चरम गरिबी र अभाव । अनि त्यही गरिबी र अभावले दिएको पीडा सहेर बाँच्नुपऱ्यो, गरिब जनताले ।

जनता गरिबी र अभावमा बाँचिरहेका छन् । भोकमरी खेपिरहेका छन् । तथ्यांकले देश गम्भीर भोकमरीको स्थितिबाट मध्यम भोकमरीको स्थितिमा पुगेको देखाए पनि भोकमरी त भोकमरी नै हो । भोकमरी अन्त्यका योजना र कार्यक्रमलाई न्यून प्राथमिकतामा राखेर राज्यसत्ता चाहिँ विकासको मृगतृष्णा साँचेर ठूल्ठूला भौतिक पूर्वाधार निर्माणमा जुटेको छ । ठूलो परिमाणमा विदेशी ऋण र दान ल्याएर भौतिक संरचना निर्माणमा खन्याइरहेको छ र तिनै भोकमरी पीडित जनताको टाउकोमा ऋणको भारी बोकाइरहेको छ । पहिला जनतालाई गरिबी, अभाव र भोकमरीबाट मुक्त गर्ने कि ठूल्ठूला भौतिक संरचना निर्माण गरेर विकासको साक्षी उभ्याउने ? भोकमरीबाट पीडित जनताका ख्याउटे र मलिन अनुहारमा विकास प्रतिविम्बित भएको हेर्ने राज्यसत्ताको सपना जायज हो कि नाजायज ? विकास पहिला कि गरिबी र भोकमरी अन्त्य पहिला ? अब राज्यसत्ताले पहिला यी दुई कुरामा प्राथमिकता निर्धारण गर्न सक्नुपर्छ ।

समृद्धि सपना हो, तर गरिबी, अभाव र भोकमरी त यथार्थ हो । सपनामा बाँच्नु र यथार्थमा बाँच्नुमा अन्तर छ । सपनामा बाँच्नु रोमाञ्चक होला, तर गरिबी, अभाव र भोकमरीको यथार्थमा बाँच्नु निकै कष्टपूर्ण हुन्छ । त्यसैले राज्यले नीति निर्माण गर्दा अथवा योजना तर्जुमा गर्दा सपना र यथार्थबीचको विरोधाभास कम गर्ने प्रयत्न गर्नुपर्छ । समृद्धिको सपना देख्दै गर्दा गरिबीको गणितलाई भुल्नु हुँदैन ।

दूरदराजका जनताले नुनका लागि सकस भोगिरहँदा सरकारले सुनको कुरा गर्न थाल्यो भने जनताले सिटामोल र जीवनजल मागिरहँदा सरकारले प्लाइओभर र मेट्रोरेलको कुरा गऱ्यो भने सपना र यथार्थको दूरी अझै बढ्दै जान्छ । औद्योगिकीकरण र निर्यातका ठूल्ठूला कुरा गर्ने तर देशको अपार आर्थिक सम्भावना बोकेको कृषिलाई उपेक्षा गरिरहने हो भने कसरी हुन्छ खाद्यान्न उत्पादन वृद्धि ? अनि कसरी बढ्छ खाद्य सञ्चय र कसरी हुन्छ खाद्य सम्प्रभुताको सुनिश्चितता ?

खाद्यान्न उत्पादन वृद्धि र खाद्यान्न सञ्चितिमा नै वृद्धि नभए संविधानप्रदत्त खाद्यसम्प्रभुता सुनिश्चित हुनै सक्दैन । आन्तरिक उत्पादनको न्यूनताले कृषि तथा पशुपन्छी मन्त्रालय, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रको पछिल्लो तथ्यांकअनुसार अहिले पनि देशका २२ जिल्लाको खाद्य वासलात ऋणात्मक छ अर्थात् त्यहाँ खाद्यान्नको अभाव छ । आयातित खाद्यान्नले जनताको भोक मेट्नुपर्ने अवस्था छ । आर्थिक वर्ष २०८१/०८२ मात्रै ६० अर्ब ७८ करोडभन्दा बढीको खाद्यान्न आयात भयो । धान-चामलमात्रै ४० अर्ब १९ करोडको आयात भयो । यस्तो अवस्थामा निर्यात होइन, कृषिलाई प्राथमिकतामा राखेर खाद्यान्न उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन मात्रै गर्नसके पनि वैदेशिक व्यापारघाटा न्यून भई अर्थतन्त्रमा ठूलो टेवा पुग्नेछ ।

जनतालाई भोकमरीमा राखेर दिइएको विकास र समृद्धिको नाराले आफैंलाई गिज्याउँछ । दूरदराजका जनता हिँड्दाहिँड्दै भिर र पाखाबाट लडेर अकालमा ज्यान गुमाइरहेको यथार्थलाई भुलेर विकास देखाउन सहरका बाटाहरू फराकिलो पार्ने बहानामा जनताका सग्ला घरहरू भत्काइरहने हो भने विकासले नै गिज्याउँछ । विकासको अर्थ ठूल्ठूला भौतिक संरचना निर्माण गर्नु, फराकिला सडक बन्नु र त्यसमा चिल्ला गाडीहरू गुड्नुमात्रै होइन, मान्छेले न्यूनतम आधारभूत आवश्यकता पूर्ति गर्दै न्यूनतम मानवअधिकारसहित र संविधानप्रदत्त हक र अधिकारको उपभोग गर्दै सुखले बाँच्न पाउनु पनि हो । भोको पेटले विकासको अनुभूति गर्न सक्दैन । अत : भोकमरी अन्त्यलाई विकासको पूर्वसर्तको रूपमा स्वीकार गर्नु आवश्यक छ ।सडक विस्तारका नाउँमा सडकछेउमा घरसंरचना बनाई वर्षौंदेखि बस्दै आएका बासिन्दाका घर रातारात भत्काउँदा घर मात्रै भत्किएको हुन्न । त्यो घरसँगै सयौं-हजारौं परिवारको श्रम, साधना र सपना पनि भत्किएको हुन्छ । सामाजिक संरचना नै भत्किएको हुन्छ । आर्थिक संरचना भत्किएको हुन्छ । हिजोअस्ति भर्खरै सडक विस्तारका नाउँमा हेटौंडा बजारका ५ सय ३१ घरसंरचना डोजर लगाएर भत्काउँदा त्यहाँ सग्लो घरमात्रै भत्किएनन्, सयौं परिवारका मिहिनेत, लगानी, आशा र सपना पनि भत्किएका छन् । करोडका मालिकहरू रोडमा पुगेका छन् । एकातिर विकासका नाउँमा लगानी गरिँदैछ भने अर्कोतिर ५ सय ३१ वटा घरसंरचना भत्किँदा अर्बौं रुपैयाँको नोक्सानी पनि भएको छ ।

मान्छेको भौतिक सम्पत्ति र भावानात्मक क्षति गरेर ल्याइएको विकासले मान्छेलाई सुखको अनुभूति दिन सक्दैन । विकासको नाउँमा बस्तीबाट मान्छेको बासै उठाउने नीतिले विकासको योजनाले लक्ष्य प्राप्त गर्न सक्दैन । विकास कसका लागि र समृद्धि केका लागि भन्ने विषयमा राज्यको नीति र योजना प्रष्ट हुनुपर्छ । अनि विकास र समृद्धिको सपना देख्नका लागि पहिला गरिबी, अभाव र भोकमरीको अन्त्य जरुरी छ ।-अपू

# आम्दा मेची अस्पताल सञ्चालनका लागि त्रिपक्षीय सम्झौता

मेचीनगर, पुष २५ । धुलाबारीको आम्दा मेची अस्पताल व्यवस्थापन तथा सञ्चालनका लागि त्रिपक्षीय सम्झौता भएको छ ।
मेचीनगर नगरपालिका, मेची उद्योग बाणिज्य संघ र आम्दा नेपालबीच त्रिपक्षीय सम्झौता भएको हो ।
शुक्रबार नगरपालिकाको प्रमुखको कार्यकक्षमा भएको छलफलपछि आम्दा मेची अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, मेची उद्योग बाणिज्य संघका अध्यक्ष खेमराज प्रसाई र आम्दा नेपालका अध्यक्ष डा.रोहितकुमार पोखरेलले त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गरेका थिए ।
सम्झौतासँगै 'आम्दा मेची अस्पताल व्यवस्थापन तथा सञ्चालन दाहालको त्रिपक्षीय सम्झौता भएको थियो । एमालेका नेता एवम् नगरपालिकाका प्रथम नगरप्रमुख रविन कोइराला, मेची उद्योग बाणिज्य संघका संस्थापक अध्यक्ष पन्नालाल जैनलगायतको उपस्थिति रहेको थियो ।
२०६५ कात्तिक १० गतेको बुँदा नं.२२ बमोजिम संशोधन गरेर नयाँ निर्देशिका लागू गरिएको छ ।
जारी गरिएको निर्देशिकामा आम्दा मेची अस्पताल विकास समिति गठन गरिएको छ । जसको अध्यक्ष नगरप्रमुख, मेचीनगर नगरपालिका रहने छ । उपाध्यक्षमा मेची उद्योग बाणिज्य संघको अध्यक्ष, सदस्यमा आम्दा नेपालले तोकेको प्रतिनिधि, सदस्यमा आजीवन, विशिष्ठ तथा संरक्षक सदस्यहरु मध्येबाट ३ जना, आवश्यक उपकरणहरु व्यवस्थापन गर्ने, आर्थिक श्रोतको संकलनमा प्रभावकारी भूमिका निर्वाह गर्ने रहेको छ ।
त्यस्तै, मेचीनगर नगरपालिकाले भौतिक पूर्वाधार निर्माणका लागि आन्तरिक तथा बाह्य आर्थिक र प्राविधिक श्रोत जुटाउने, पूर्वाधार विकासका लागि सार्वजनिक निर्माणका कार्य गर्ने, राजनीतिक दल, नागरिक समाज र अन्य संघ-संस्थासँग समन्वय गर्ने, औसत सहभागिताका आधारमा बार्षिक रुपमा बजेटको व्यवस्था गर्ने, अस्पतालको विस्तृत परियोजना प्रतिवेदन तयार गरी विकास निर्माण र दीर्घकालीन लक्ष्यहरु तयार गर्ने रहेको छ ।
यसैगरी मेची उद्योग बाणिज्य संघले भौतिक पूर्वाधार निर्माणका लागि आर्थिक श्रोत जुटाउने, उद्योगपति, व्यापारीहरुसँग समन्वय गर्ने र श्रोत संकलनमा आवश्यक भूमिका निर्वाह गर्ने, बार्षिक बजेट व्यवस्थापनका लागि स्रोत खोजी गर्ने रहेको छ । हस्तारक्षर कार्यक्रममा नगरप्रमुख बुढाथोकी, प्रथम नगरप्रमुख कोइराला, आम्दा नेपालका अध्यक्ष पोखरेल, बाणिज्य संघका अध्यक्ष प्रसाईले अस्पताललाई व्यवस्थित रुपमा सञ्चालन गर्न निर्देशिका संशोधन गरेर नयाँ जारी गरिएको बताए ।
कार्यक्रममा आम्दा नेपालका सचिव डा.दुर्गाप्रसाद भण्डारी, सदस्यद्वय डा.दिपक अर्याल, डा.शंखर हुजदार, कार्यक्रम निर्देशक सुदेश रेग्मी, आम्दा दमकका मेडिकल सुपरिटेन्डेन्ट डा.शिखर कट्टेल, आम्दा धुलाबारीका मेडिकल सुपरिटेन्डेन्ट डा.पोषण रमण त्रिपाठी, मेचीनगर-१० का वडाध्यक्ष नारायण खनाल, ७ का वडाध्यक्ष प्रल्हादमणि ओली, मेची उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष विजय डालमिया, कार्यकारी प्रमुख गोपाल वस्नेत, आम्दा दमकका प्रशासक सुमनकुमार नेपाल, आम्दा धुलाबारीका प्रशासक किरण निरौला, आम्दा धुलाबारी लेखा प्रमुख शारदा घिमिरेलगायतको सहभागिता रहेको थियो ।



निर्देशिका-२०८२' जारी भएको छ ।
यसअघि २०६५ कात्तिक १० गते सोही संस्थाहरुको त्रिपक्षीय सम्झौता अनुसार आम्दा मेची अस्पताल व्यवस्थापन तथा सञ्चालन भइरहेको थियो ।
स्व.रविरत्न खनाल र स्व.पद्मादेवी खनालले निःशुल्क दिएको २ विघा ५ धुर जग्गामा अस्पताल सञ्चालनमा छ । तत्कालिन अवस्थामा नगरपालिकाको तर्फबाट कार्यकारी अधिकृत भगवान अर्याल, मेची उद्योग बाणिज्य संघका अध्यक्ष विजय डालमिया, आम्दा अस्पतालका तर्फबाट डा.मधुकर सदस्य नगरपालिका स्वास्थ्य शाखा प्रमुख वा अध्यक्षले मनोनयन गरेको व्यक्ति एक जना, सदस्य उपाध्यक्षले मनोनयन गरेको व्यक्ति एक जना, सदस्यसम्बन्धित वडाध्यक्ष पदेन रहने गरी एक जना, सदस्य जग्गादाता परिवारभित्रका मध्येबाट एक जना र सदस्य सचिवमा अस्पताल प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी रहने व्यवस्था रहेको छ । सहमती अनुसार आम्दा नेपालले भौतिक पूर्वाधार निर्माणका लागि सम्बन्धित कार्यालय र संस्थासँग समन्वय गर्ने, अस्पताल सञ्चालन गर्न

# इप्रका कुमरखोदमा मोक्तानलाई विदाई,विष्टलाई स्वागत

कुमरखोद, पुष २५ ।झापा गाउँपालिकाको इलाका प्रहरी कार्यालय कुमरखोदबाट सरुवा भई इलाका प्रहरी कार्यालय दमक जान लागेका प्रहरी नायव निरीक्षक किरण मोक्तानलाई एक कार्यक्रमकावीच शुक्रवार विदाई गरिएको छ । सोही कार्यक्रममा प्रहरी नायव निरीक्षक चुक्तबहादुर विष्टलाई स्वागत गरिएको छ । परिचयात्मक कार्यक्रममा विष्टले शान्ति सुरक्षा कायम राख्ने प्रतिवद्धता जनाएका छन् ।
इलाका प्रहरी कार्यालयको भवनमा जनप्रतिनिधि , उद्योग वाणिज्य संघ , बजार व्यवस्थापन समिति, राजनैतिक दल , समाजसेवी र स्थानीयवासीसँगको परिचयात्मक कार्यक्रममा उनले त्यस्तो प्रतिवद्धता जनाएका हुन् । कार्यक्रमका वक्ताहरुले झापा गाउँपालिका क्षेत्रमा शान्ति , सुरक्षा र कानून कार्यान्वयनमा विदाई भएर जान लागेका मोक्तानले पुऱ्याएको योगदानको प्रशंसा गर्दै आगामी दिनमा सफल कार्यक्रमको शुभकामना व्यक्त गरेका थिए ।
व्यापारी तथा जनप्रतिनिधिले राखेको जिज्ञासाको जवाफ दिदै प्रहरी नायव निरीक्षक विष्टले खुल्ला सिमानाको कारण चोरी तस्करी , लागूऔषध नियन्त्रण गर्न सवैभन्दा ठुलो चुनौती भएको भन्दै प्रहरी एक्लैले सो कार्यको समाधान गर्न नसक्ने भएकोले सवैलाई साथ-सहयोग दिन अनुरोध गरेका थिए ।
कार्यक्रममा वडा नं १ का वडा अध्यक्ष राजकुमार यादव , वडा नं २ का वडा अध्यक्ष हिमालकुमार चम्लागाई , जिल्ला समन्वय समितिका सदस्य जलाल अली , झापा गाउँपालिका उद्योग वाणिज्य संघका अध्यक्ष ठोमनाथ नेपाल , वरिष्ठ उपाध्यक्ष मनोजकुमार गणेश , वजार व्यवस्थापन समितिका अध्यक्ष बरतलाल राजवंशी , सचिव मनोजकुमार राजवंशी , कोषाध्यक्ष विष्णुकुमार गणेश , टाँघनडुब्बा सशस्त्र विओपीका प्रमुख प्रेमवहादुर तामाङ , कुमरखोद रेडक्रस सभापति पशुपतिलाल गणेश, पूर्व वडाध्यक्षहरु नेत्रवहादुर खड्का ,राजु भारती , नेकपा ( विप्लव ) प्रदेश सदस्य चमनलाल माझीलगायतको उपस्थिति रहेको थियो ।

# ५ वटै क्षेत्रमा जाँतो चुनाव चिन्हका उम्मेद्वार

बिर्तामोड । फागुन २१ गते हुने आसन्न संघीय निर्वाचनमा राष्ट्रिय मुक्ति पार्टी, जनता समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टी, नेपाल समानुपातिक र प्रत्यक्ष दुवैतर्फ जाँतो चुनाव चिन्ह लिएर मतदातामा जाने निर्णय गरेसँगै चाँडै पार्टी एकता गर्ने घोषणा गरेका छन्।

त्यसैगरी, ती पार्टीहरूले अहिलेलाई 'राष्ट्रिय अग्रगामी गठबन्धन' नाम



दिएर अन्य पहिचान पक्षधर राजनैतिक शक्तिहरुलाई समेत एकता वा चुनावी मोर्चामा जोड्नका लागि जोडदार आव्हान गरेका छन्। गठबन्धनले झापा जिल्लामा चुनावी कार्यक्रमअन्तर्गत बिहीवार बिर्तामोडमा भएको भेलाले झापाको ५ वटै निर्वाचन क्षेत्रमा उम्मेद्वार घोषणा गरेका छन् ।
झापा निर्वाचन क्षेत्र नं १ मा बासुदेव सिंजाली मगर, निर्वाचन क्षेत्र नं २ मा तिलबहादुर राई, निर्वाचन क्षेत्र नं ३ मा उदितनारायण राजवंशी, बिनिता राजवंशी र गणेश इङ्नाम, निर्वाचन क्षेत्र नं ४, मा त्रीनारायण राजवंशी र निर्वाचन क्षेत्र नं ५ मा बुद्धि न्यौपानेलाई उम्मेद्वार घोषणा गरिएको युवा नेता एलबी पालुङ्वाले जानकारी दिए ।
कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टीका वरिष्ठ नेता सन्जुहाङ पालुङ्वा, पार्टीका केन्द्रीय उपाध्यक्षद्वय त्रीनारायण राजवंशी र मित्र लिङ्देन, केन्द्रीय महासचिव लासिम पालुङ्वा, संयुक्त पहिचानवादी मोर्चाका सङ्गठन विभाग तथा झापा संयोजक एल बि पालुङ्वालगायतले पहिचानको आन्दोलन र विचारलाई स्थापित गर्न आगामी चुनावमा जाँतो चुनाव चिन्हमा मतदान गर्नु पर्नेमा जोड दिए। त्यसैगरी, नो कोशी आन्दोलन र मुक्कुलुङ आन्दोलनको भावनालाई कदर गर्न जाँतो चुनाव चिन्हको उम्मेदवार नैं उपयुक्त हुने उनीहरुले बताए ।

झापा जिल्लाको चुनावी अभियान बलियो बनाउन चुनाव परिचालनको लागि संयोजकमा डोमालाल राजबंशी, सहसंयोजकमा समर राई, सहसंयोजकमा हरिनारायण चौधरी, सचिवमा तीर्थ राई, सहसचिवमा दिनेश माबोलगायत ५१ सदस्यीय जिल्ला स्तरीय निर्वाचन परिचालन समिति गठन गरिएको छ।

उम्मेदवारी घोषणा कार्यक्रममा गत भाद्र २३ र २४ मा भएको जेनजी आन्दोलन क्रममा बिर्तामोडमा सहादत प्राप्त गरेका दिनेश राजवंशीको परिवारलाई नगद सहयोगसहित सम्मान गरिएको थियो । राष्ट्रिय मुक्ति पार्टी झापाका अध्यक्ष डोमालाल राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत जनता समाज पार्टी झापाका अध्यक्ष समर राईले गरेका थिए भने सञ्चालन नागरिक उन्मुक्ति पार्टी नेपालका झापा संयोजक हरिनारायण चौधरीले गरेका थिए ।

# भद्रपुरमा इन्डो-नेपाल क्रिकेट प्रतियोगिता हुँदै



क्रिकेट ग्राउन्डमा कोशी पाथीभरा इन्डो-नेपाल टी २० क्रिकेट च्याम्पियनसिप हुने भएको छ ।
कोशी पर्यटन वर्षको अवसरमा प्रदेश सरकारको आर्थिक सहयोगमा पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्ने उद्देश्यका साथ कोशी पाथीभरा इन्डो-नेपाल टी २० क्रिकेट च्याम्पियनसिप गर्न लागिएको हो ।
आयोजक भद्रपुर क्रिकेट क्लबले पत्रकार सम्मेलन गर्दै प्रतियोगिताबारे सञ्चारकर्मीलाई जानकारी गराएको छ । आयोजकका अनुसार यही माघ २१ गतेदेखि २८ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपालका चार र भारतका चार वटा गरी आठ वटा क्रिकेट टिमको सहभागिता रहने छ । मूल आयोजक समितिका संयोजक तथा भद्रपुर ८ का वडाध्यक्ष गौरव सुब्बा मनोजका अनुसार प्रतियोगितामा नेपालका तर्फबाट आयोजक भद्रपुर क्रिकेट क्लब, विराटनगर किंग्स डेभलपमेन्ट स्क्वाड, पोखरा एभेन्जर्स गण्डकी हिरोज डेभलपमेन्ट स्क्वाड र काठमाडौँ गोर्खाज डेभलपमेन्ट स्क्वाड रहेका छन् ।
त्यस्तै भारतको तर्फबाट राइनोल्यान्ड क्रिकेट एकेडेमी गुवाहाटी, ग्लोबल स्टार क्रिकेट क्लब लखनाऊ, क्रिकेट कोचिङ उपाध्याय एकेडेमी न्यु दिल्ली र स्नो लायन टिम सिक्किम रहेका छन् । नेपालका क्लबहरूमा एनपीएल खेलिसकेका खेलाडीहरू र भारतका क्लबहरूमा रञ्जित ट्रफी खेलिरहेका खेलाडीहरूको सहभागिता रहने समेत संयोजक सुब्बाले जानकारी दिएका छन् ।
संयोजक सुब्बाका अनुसार निर्माणाधीन मेची क्रिकेट ग्राउन्डमा चर्चित राष्ट्रियस्तरको निवेश वर्मा स्मृति क्रिकेट प्रतियोगिता भइसकेको भए पनि अन्य कुनै ठूला प्रतियोगिता हुन सकेका छैनन् ।
क्लबका अध्यक्ष आदित्य पराजुलीका अनुसार क्यानले निर्माण गरेको सो ग्राउन्ड ओझेल परेपछि भद्रपुरका खेलप्रेमी लागिपरेर उत्कृष्ट क्रिकेट ग्राउन्ड बनाउन सफल भएका हुन् । मापदण्ड अनुसार निर्माण भएको ग्राउन्डमा निकै वर्षको अन्तरालपछि ठूलो प्रतियोगिता हुन लागेको अध्यक्ष पराजुलीले जानकारी दिए । एक करोड २२ लाख रूपैयाँ खर्च अनुमान गरिएको प्रतियोगिताको विजेताले नगद पाँच लाख, मेडल र ट्रफी पाउनेछ भने उपविजेताले नगद तीन लाख रुपैयाँ, मेडल र ट्रफी प्राप्त गर्नेछ । त्यस्तै, प्रत्येक खेलको प्लेयर अफ द म्याचले नगद ११ हजार रुपैयाँ र ट्रफी पाउने छन् । सो पुरस्कार उद्योगी तथा भद्रपुर झापा गोल्डकपका अध्यक्ष दीपेश ढकालले प्रदान गरेका छन् । प्रतियोगिताको उत्कृष्ट बलर र ब्याटरले नगद २५ हजार रुपैयाँ र ट्रफी पाउने छन् । उदीयमान खेलाडीलाई नगद ११ हजार रुपैयाँ र ट्रफी पाउँदा प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद ५१ हजार रुपैयाँ र ट्रफी पाउने क्लबका महासचिव वसन्त पोखरेलले जानकारी दिए ।

प्रतियोगितामा आठवटा टिमलाई दुई समूहमा विभाजन गरेर लिग ढाँचामा प्रतिस्पर्धा गराइनेछ । केही दिनमै प्रतियोगिताको खेलतालिका सार्वजनिक गरिने उनको भनाई छ । पत्रकार सम्मेलनमा बोल्दै झापा जिल्ला क्रिकेट संघका अध्यक्ष प्रवीण थापा, भद्रपुर नगरपालिका प्रमुख गणेश पोखरेल, उपप्रमुख राधा कार्की, उद्योगी टिकाराज ढकाललगायतले निर्माणाधीन मेची क्रिकेट ग्राउन्डमा हुन लागेको प्रतियोगिता एनपीएल जस्तै उत्कृष्ट प्रतियोगिता हुनेमा आफूहरूले विश्वास लिएको बताएका छन् ।

# पाँच महिनामा थपियो पाँच खर्ब २३ अर्ब बराबरको विदेशी मुद्रा

काठमाडौँ। पछिल्लो पाँच महिनामा विदेशी मुद्राको सञ्चिति उल्लेख्य रूपमा बढेको देखिएको छ ।
नेपाल राष्ट्र बैंकले शुक्रवार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को मङ्सिर मसान्तसम्मको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत साउनदेखि मङ्सिर मसान्तसम्ममा रु पाँच खर्ब २३ अर्ब ७९ करोडबराबरको विदेशी मुद्रा सञ्चित भएको हो ।
राष्ट्र बैंकका अनुसार २०८२ असार मसान्तमा रु २६ खर्ब ७७ अर्ब ६८ करोडबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १९ दशमलव ६ प्रतिशतले वृद्धि भई गत मङ्सिर मसान्तमा रु ३२ खर्ब एक अर्ब ४७ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा १९ अर्ब ५० करोड रहेकामा गत मङ्सिर मसान्तमा १३ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु २२ अर्ब १३ करोड



पुगेको राष्ट्र बैंकले जनाएको छ ।
कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा रु २४ खर्ब १४ अर्ब ६४ करोड रहेकामा गत मङ्सिर मसान्तसम्ममा १८ दशमलव सात प्रतिशतले वृद्धि भई रु २८ खर्ब ६६ अर्ब ४७ करोड पुगेको छ ।
त्यस्तै, बैंक तथा वित्तीय संस्था ९नेपाल राष्ट्र बैंकबाहेक०सँग रहेको विदेशी विनिमय सञ्चिति २७ दशमलव चार प्रतिशतले वद्धि भई रु तीन खर्ब ३५ अर्ब कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार गत मङ्सिर मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव दुई प्रतिशत रहेको छ । चालु आर्थिक वर्षको सुरुआती पाँच महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले २१ दशमलव सात महिनाको वस्तु आयात र १८ दशमलव दुई महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।
त्यसैगरी, यो अवधिमा चालु खाता रु तीन खर्ब ५८ अर्ब ८३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु एक खर्ब ५८ अर्ब ४५ करोडले बचतमा रहेको थियो । पाँच महिनामा खुद पुँजीगत ट्रान्सफर रु सात अर्ब छ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर रु तीन अर्ब ५० करोड रहेको थियो ।
त्यसैगरी, मङ्सिर मसान्तसम्ममा रु सात अर्ब ४७ करोड प्रत्यक्ष वैदेशिक लगानी ९इक्विटीमात्र० भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी रु छ अर्ब तीन करोड रहेको थियो ।
राष्ट्र बैंकका अनुसार शोधनान्तर स्थिति रु चार खर्ब २१ अर्ब ८९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब २५ अर्ब ३४ करोडले बचतमा रहेको थियो । रासस


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ